माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या : ०८१/०८२

## पशुपंक्षी सेवा कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं. ३३ मिति : २०८१/०७/२५

प्रस्तुत विषयमा यस माथागढी गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम गर्नुपर्ने भएकोले प्रथम पटक संशोधन पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि–२०८१ अनुसार माथागढी गाउँपालिका भित्रका इच्छुक पशुपालक समूह, निजी फर्म/सहकारी र व्यवसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकाको पशुसेवा शाखा वा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु साथ आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

तपसिल :

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलाप | अनुदान सीमा |
|---|---|---|---|---|
| १ | मासु पसल सुधार- बजेट रु.२ लाख | • उपयुक्त फर्म/कम्पनी/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• सहभागी हुने आवेदकले मासिक ठूलो पशुको हकमा कम्तीमा ५०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ३०० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्ने,<br>• स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्ने | • मासु काट्ने र प्रशोधन गर्ने यन्त्र उपकरणहरु खरिद,<br>• पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य, सिसा/जालि सहितको विक्रि कक्ष निर्माण वा खरिद,<br>• मूल्य सूची वोर्ड | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति योजना अधिकतम रु.५० हजार । |
| २ | डेरी पसल सुधार- बजेट रु.२ लाख | • उपयुक्त फर्म/कम्पनी/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने,<br>• सहभागी हुने प्रस्तावकले दैनिक रुपमा कम्तीमा १०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने,<br>• स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्ने | • डेरी पसलको विक्रि कक्ष निर्माण, डेरी पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य,<br>• Stainless Steel Milk Can आदि औजार/उपकरणहरू खरिद । | • कुल लागतको अधिकतम ५० प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १ लाख। |

प्रमुख प्रशासकीय अधिकृत

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np


चलानी नं. :
पत्र संख्या : ०८१/०८२

| | | | | |
|---|---|---|---|---|
| ३ | नयाँ बाख्राको खोर निर्माण कार्यक्रम-बजेट रु. ५ लाख | • उपयुक्त फर्म/व्याक्ति छनोट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फर्म/व्याक्तिहरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • बाख्रा संख्या कम्तीमा १५ वटा हुनुपर्ने • फर्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ । | • नयाँ खोर निर्माणका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने • प्राविधिक स्टिमेतको आधारमा निर्माण गर्नुपर्ने । | • कुल लागतको अधिकतम ५० प्रतिशत • प्रति योजना अधिकतम रु.१ लाख । |
| ४ | बंगुरको खोर निर्माण कार्यक्रम-बजेट रु.४ लाख | • उपयुक्त फर्म/व्याक्ति छनोट गरी कार्यक्रम सञ्चालन गर्ने • बंगुर संख्या कम्तीमा २ वटा हुनुपर्ने • फर्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ । | • नयाँ खोर निर्माणका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने • प्राविधिक स्टिमेतको आधारमा निर्माण गर्नुपर्ने । | • कुल लागतको अधिकतम ७५ प्रतिशत • प्रति योजना अधिकतम रु.२५ हजार। |
| ५ | गोठ खोर तथा भकारो सुधार कार्यक्रम-बजेट रु.४ लाख | • उपयुक्त फर्म/व्याक्ति छनोट गरी कार्यक्रम सञ्चालन गर्ने • कम्तिमा २ वटा गाई/भैंसी पालेको हुनुपर्ने | • गोठको संरचना अन्तर्गत ढोढ सुधार र मल/मुत्र व्यवस्थापन गर्न सकिने • प्राविधिक स्टिमेतको आधारमा निर्माण गर्नुपर्ने । | • कुल लागतको अधिकतम ७५ प्रतिशत • प्रति योजना अधिकतम रु.२५ हजार। |

व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. अनुसूची—२ बमोजिम व्यक्तिगत निवेदन ।

२. अनुसूची—४ बमोजिम कार्ययोजनाको ढाँचा

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२०८१/०६/१९

प्रमुख प्रशासकीय अधिकृत

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
info@mathagadhimun.gov.np
Website: www.mathagadhi.gov.np

चलानी नं. :
पत्र संख्या : ०८१/०८२

४. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

५. दर्तावाला फार्मको हकमा प्रमाणपत्रको प्रतिलिपि ।

६. समूहरसहकारीको हकमा प्रमाणपत्र र निर्णय माईनुटको प्रतिलिपि ।

७. पशु संख्या स्थलगत रुपमा कृषि÷पशु सेवा प्राविधिकबाट निरीक्षण भई गरिएको प्रमाणित ।

**पुनश्चः थप जानकारीको लागि पशुपंक्षी सेवा शाखा, ९८६६१५५९९८, ९८६७२४३४६७, ९८४४३७२६८९ मा सम्पर्क गर्न सक्नुहुनेछ ।**

२०८१/०६/२५

प्रमुख प्रशासकीय अधिकृत